075-520109. 520893
520129, 520909

# तानसेन नगरपालिका कार्यालय

तानसेन, पाल्पा

स्थाः २००७

# TANSEN MUNICIPALITY OFFICE

Tansen, Palpa, Nepal

Estd:2007

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :

मिति २०७२।१२।१६

Date.

Ref No. सम्पुर्ण नगरवासीहरुमा तानसेन नगरपालिका कार्यालयको फोहोर व्यवस्थापन गर्ने सम्वन्धि अत्यन्त जरुरी सुचना ।

- फोहोरलाई घर तथा पसलमानै छुट्टाएर राख्ने गरौं ।
- फोहोरलाई तोकिएको दिन र तोकिएको फोहोरमात्र संकलन गर्न अउने साधनमा मात्र दिने गरौं
- कुहिने फाहोरलाई घरमानै कम्पोष्ट मल वनाउने गरौं ।
- नकुहिने / विक्रियोग्य फोहोरलाई घर पसलवाटनै विक्रि गरौं ।
- फोहोरलाई वर्गिकरण गर्ने घर पसलमानै न्युनकिरण गर्ने फोहोर उत्पादकको जिम्मेवारी हो भन्ने दायीत्व वोध गरौं ।
- सडक अवरोध हुने गरि निर्माण सामग्री नराखौं ।
- फोहोरमैला व्यवस्थापन ऐन २०६८ लाई पुर्ण रुपमा पालना गरौं ।
- फोहोरलाई जथाभावी चोक गल्लि सडक सार्वजनिक स्थानमा फालेको पाईएमा रु ५,००० देखी १,००,०००।- सम्म जरिवाना गर्न सकिने प्रावधान रहेको, साथै जसले फोहोर जथाभावी फ्याक्छ सोही व्यक्तिलाई फोहोर उठाउन लगाईने र न.पा वाट प्रदान गरिने सेवा सुविधावाट वञ्चित गर्न सकिने भएकोले जरिवाना वाट वचौं र नगर सफा राख्ने कार्यमा सहभागी वनौं ।
- सडक पेटी मिचेर व्यापार व्यवसाय नगरौं ।
- सडक चोक गल्ली सार्वजनिक स्थानमा फोहोर नफालौं ।
- प्लाष्टिकको झोला प्रयोग निषेधित नगरपालिका घोषणा भैसकेके हुँदा प्लाष्टिकको झोला प्रयोग गरेको पाईएमा वा जथाभावी फोहोर फालेको पाईएमा जरिवाना गरि सञ्चार माध्यमवाट प्रचार प्रसारण गरिने हुँदा आफ्नो सामाजिक प्रतिष्ठामा आँच आउने कार्य नगरौं ।
- सफा शहर हामी सवैको रहर,,,, गुनासो र सुझावको लागि दिनुहोस है खवर ॥।

.....................

अनिल पौडेल

कार्यकारी अधिकृत

कार्यकारी अधिकृत